**रोमीको पुस्तकमा भएका सत्यताहरुः**

- परमेश्वरको धार्मिकता सधै मानिसको विश्वासमा प्रकट हुने
- परमेश्वरको एकताबद्ध, तर बहु-जातीय परिवारको वास्तविकता
- धार्मिकताको बाटोमा विश्वासमा लागि राखुपर्ने।

**रोमीको पुस्तकले सिकाउने कुराहरुः**

- परमेश्वर को हुनुहुन्छ र उहाँले मानिसकोलागि के गर्नुभयो
- येशू ख्रीष्ट र उहाँको मृत्युले पूरा गर्नुभएको परमेश्वरको योजना
- ख्रीष्टबिना हामी कस्ता थियौं हामी माथिको दण्ड के थियो
- ख्रीष्टमा भरोसा गरेपछि हामी को भएका छौं

**मुख्य विषयवस्तुः**

सुसमाचार चाहिं विश्वास गर्ने सबैका मुक्तिको लागि परमेश्वरको शक्ति हो। किनकि यसमा ***विश्वासको लागि विश्वासद्वारा*** परमेश्वरको धार्मिकता प्रकट हुन्छ (१:१६-१७)।

**रोमीको पुस्तकले विश्वासको बारेमा के भन्छ?**

- 'विश्वास' बचाउने विश्वास मात्र होइन, बरु विश्वासयोग्य भण्डारीपना र निरन्तर रहने र बढ्दै जाने भरोसा हो।
- यसले प्रत्येक विश्वासीलाई ख्रीष्टको शरीरमा आफ्नो भूमिका पूरा गर्न आवश्यक वरदानहरु र स्रोतहरू उपलब्ध गरी ख्रीष्ट जस्तै जीवन जिउन सक्षम बनाउँछ।

**रोमी १:१-१७ परमेश्वरबाटको सुसमाचार**

- यहूदी वा ग्रीक (अन्यजाति), विश्वास गर्ने सबैका मुक्तिको लागि येशू ख्रीष्टको सुसमाचार परमेश्वरको शक्ति हो।
- येशू ख्रीष्टको प्रायश्चित बलिदानबिना, पापका दोषमाथि हुने परमेश्वरको क्रोध कायम रहन्छ।

**रोमी १:१७-३२ परमेश्वरको धार्मिकता र न्याय**

- येशू ख्रीष्टको सुसमाचारमा प्रकट भएको परमेश्वरको धार्मिकता
- मानव जाति परमेश्वरको अगाडि दोषी छ र परमेश्वरको क्रोध र त्यसको परिणाम अनन्त मृत्यु हो।

**रोमी २:१-१३**

- जब मानिसहरूले कसैलाई न्याय गरी भन्छन् कि यस्ता काम गर्नेहरू मर्न योग्यका छन्, तर तिनीहरू सबै एउटै प्रकारको अपराधको दोषी छन् - पापको।
- हामी सबै दोषी भएकोले अरू मानिसहरूलाई न्याय गर्नुहुँदैन।

**रोमी २:१४-२९**

- धार्मिकता- परमेश्वरसँगको मिलाप र सम्बन्धको अवस्था
- धार्मिकताको जीवन- परमेश्वरमाथिको भरोसामा वचन अनुसार र पवित्र आत्माको अगुवाईमा जिउने
- **वचन, सत्य, बाटो र जिवन** भएको येशूलाई मानिसको न्यायको काम सुम्पेको छ।

**रोमी ३:१-२०**

- परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा सुसमाचारद्वारा धर्मी ठहराउनुहुन्छ।
- येशू ख्रीष्टको बलिदानमा, पापीहरूलाई धर्मी घोषणा गरेर परमेश्वरले उहाँ आफै न्यायी हुनुहुन्छ भनी देखाउनुहुन्छ।

**रोमी ३:२१-३१ परमेश्वरको धार्मिकता प्रकट**

- मानिसको विश्वव्यापी आवश्यकता र परमेश्वरको विश्वव्यापी बन्दोबस्त
- येशूको मृत्यमा परमेश्वरको धार्मिक न्याय र उद्धारको प्रावधान
- सुसमाचार मार्फत प्राप्त हुने मुक्ति

**रोमी ४:१-१५ अब्राहाम र दाऊदले कामबिनाको धार्मिकता प्राप्त गरेको उदाहरण धर्मीकरणको आधार**

- मुक्ति व्यवस्थाद्वारा होइन बरु विश्वासको आधारमा दिइन्छभनेको कुराको उदाहरण अब्राहाम हो।
- परमेश्वरको धार्मिकताको प्रकटीकरण विश्वासीहरूको स्थायी विश्वाससँग जोडिएको छ।
- परमेश्वरले त्यो व्यक्तिलाई बचाउनुहुनेछ जो धर्मी ठहरिएको छ वा जसलाई परमेश्वरले उहाँमाथिको विश्वासको कारणले आफैसँगको सही सम्बन्धमा ल्याउनुभएको छ।

**रोमी ४:१६-२५ कामबिनाको धार्मिकता र अब्राहाम हाम्रो पिता**

**रोमी ५:१-११**

- पहिलो चार अध्यायहरूमा पावलले सुसमाचार भनेको येशू ख्रीष्टको कारणले मानिसहरूलाई दिइएको परमेश्वरको धार्मिकताको सन्देश हो भनी घोषणा गरे।
- हामी सबै परमेश्वरले चाहनुभएको स्तरबाट तल भएकोले मर्न योग्य छन् ।
- विश्वासद्वारा पाउने धार्मिकता "हामीले परमेश्वरबाट प्राप्त गर्ने धार्मिकता हो"। एक व्यक्ति धर्मी हुन्छ, जब उसले ख्रीष्टमा आज्ञाकारिता र विश्वासद्वारा पापहरूको क्षमा प्राप्त गर्दछ।
- ख्रीष्टिय जीवनमा हामीले गर्ने असल कामहरू अनुग्रह वा विश्वास जस्ता भित्री गुणहरूको कारण गरेने बाह्य कार्यहरू हुन् ।
- विश्वास एक निःशुल्क उपहार हो, जो अयोग्य पापीहरूलाई प्रदान गरिएको छ, जसद्वारा हामी व्यक्तिगत रूपमा प्रभु येशू ख्रीष्टद्वारा हाम्रो लागि पूरा गरिएको पूर्ण मुक्तिमा प्रवेश पाउँछौं।
- धर्मी ठहरिनु पाप क्षमा पाउनु र पवित्रीकरण शुद्ध हुन्दै जानु उद्धारको पूर्णताका लागि आवश्यक प्रक्रियाहरू हुन्।

**रोमी ५:१२-२१** पुरानो र नयाँ मानिस, आदम र नयाँ (दोस्रो आदम)— ख्रीष्ट र अनुग्रहको शासन।

**रोमी ६:१-१२**

- **अनुग्रहमा सुरक्षित बनाइएको विश्वासीमा पापको बानी र कहिलेकाहीं हुने पापको समस्या।**
- जसरी ख्रीष्ट हाम्रो पापको लागि मर्नुभयो, त्यसरी हामीले जिउने नयाँ जीवनमा दिनदिनै पापको प्रतिरोध गर्नुपर्छ।

- ख्रीष्टियन जीवन भनेको पापलाई अस्वीकार गर्ने, मरेको भनी मान्ने कुरा मात्र होइन तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित हुने कुरा हो (२ कोरिन्थी ५:१५)।
- शरीरका अभिलाषाअनुसार नचल्न हाम्रो मरणशील शरीरमा पापलाई राज्य गर्न नदिनु र शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर्नुपर्ने हुन्छ।
- मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर (रोमी १२:१)।
- पापले हामीमाथि राज्य गर्न हामीहरू व्यवस्थाको अधीनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं।
- पवित्रीकरणको शाब्दिक अर्थ "विशेष प्रयोग वा उद्देश्यको लागि अलग गरिएको" हो।
- पवित्रीकरणले परमेश्वरको पवित्र आत्माले भरिएको एउटा भाँडाको रूपमा अलग्गै राखिएको अवस्था वा प्रक्रियालाई बुझाउँछ।
- पवित्र जीवन जिउनको लागि पापबाट विच्छेद गरी जिएको हुनुपर्छ। पापको विरुद्धमा खडा नभई पाप आफैले कहिल्यै हट्दैन।
- पाप हामीलाई र हाम्रो अनन्तको गन्तव्यलाई नाश गर्न कटिबद्ध छ।

**रोमी ६:१३-२३ विश्वासीमा पापको समस्यामाथि जीत**

- नयाँ जन्म, नयाँ मालिक र नयाँ जीवन

**रोमी ७:१-१३ व्यवस्थाको कमजोरी र सीमितपना**

- येशू ख्रीष्टसँगको हाम्रो एकतामा, हामी पनि व्यवस्थाको निम्ति मरेका छौं।
- तसर्थ व्यवस्थाले अब हामीमाथि कारबाही गर्न सक्दैन।
- हामीहरूलाई ख्रीष्टसँगको नयाँ जीवन दिइएको छ।

**रोमी ७:१४-२५**

- व्यवस्थाले शारीरिक मानिसलाई पापबाट रोक्न सक्दैन।
- हाम्रो आफ्नै बलमा आज्ञाकारिताको असहाय संघर्ष चाहिं दुई मनुष्यत्व बीचको लडाई हो।
- आफूभन्दा बाहिरको सहायता आवश्यक छ तसर्थ सुसमाचारद्वारा येशूमा भएको जीत।

**रोमी ८ आत्मामा नयाँ र अद्भुत जीवन**

- हाम्रो लागि परमेश्वरमा भएका सबै कुरा येशू ख्रीष्टमा हामीलाई प्रदान गरिएको छ।
- ८:२८को प्रतिज्ञामा परमेश्वरले "सबै कुरामा" हाम्रो लागि काम गर्नुहुन्छ भन्ने आश्वासन दिन्छ।
- येशू ख्रीष्टसँग जोडिएर ख्रीष्टियनहरू आदमको कारणले भएको पापको दण्डबाट मुक्त भएका छन्।

**रोमी ८ख पवित्र आत्माको कार्य र आत्मामा नयाँ र अद्भुत जीवन**

- पवित्र आत्माले दिने पुत्रत्वको गवाही
- सबै कुरा पुत्र येशू ख्रीष्टमा प्राप्त
- परमेश्वर हाम्रो पक्षमा
- अहिलेको दुखको दाँजोमा आउनेवाला महिमा
- केही कुराले पनि हामीलाई परमेश्वरबाट अलग गर्नि सक्दैन।

रोमी ९ देखि ११ सम्म, पावलले इजरायलको अवस्थासँग जोडिएको समस्यालाई सम्बोधन गर्छन्। इजरायलले आफ्नो मसीहलाई अझै खोजिरहेछ।

**रोमी ९:१-१६  परमेश्वरले इजरायललाई अस्वीकार गर्नुभएन।**

- हामीलाई आफ्नो इच्छा अनुसार बनाउने अधिकार परमेश्वरमा सुरक्षित छ।

**रोमी ९:२५-२६, होशे २:२३ र १:१०**

- होसेले इजरायलीहरूको पुनर्स्थापनाको बारेमा कुरा गरिरहेका छन् जुन पछि भइसकेका थिए।
- कहिल्यै परमेश्वरका जनहरूको भाग नभएका अन्यजातिहरूलाई उहाँले सुसमाचारद्वारा बोलाउँदै हुनुहुन्छ।
- यहूदीहरूले ख्रीष्टलाई अस्वीकार गरेकामा पावलको हृदय टुटिएको छ।
- इजरायली भएर जन्मेका सबै साँच्चै इजरायली नभए पनि परमेश्वरले इजरायललाई गर्नुभएका आफ्ना प्रतिज्ञाहरू पूरा गर्नुहुनेछ।
- परमेश्वरले जसलाई चाहनुहुन्छ उसलाई कृपा देखाउनुहुन्छ। यहूदी र अन्यजाति दुवैबाट मानिसहरूलाई ख्रीष्टमा विश्वास गर्न बोलाएर यही स्पष्ट देखाउनुभयो।
- म कसरी परमेश्वरको प्रेम र मेरो मुक्तिमा सुरक्षित हुन सक्छु जब कि इजरायललाई उहाँले पहिले माया गर्नुभएको र बचाइएको थियो, तर अहिले अस्वीकार र श्रापित भएको जस्तो देखिन्छ।

**रोमी ९ ख**

- छनोट गर्ने अधिकार परमेश्वरमा छ।
- परमेश्वरलाई आफ्नो महिमा आफ्नो तरीकामा प्रकट गर्ने अधिकार छ।
- इस्राएल र अन्यजातिहरूको वर्तमान स्थितिमा परमेश्वरको भलाइ र दया प्रकट भएको छ।

**रोमी १० वर्तमानमा इजरायलले परमेश्वरलाई अस्वीकार गरेको**

- यहूदीहरूले पनि सुसमाचार स्वीकार गर्ने आशा पावलले व्यक्त गर्छन्
- "येशू मेरो प्रभु हुनुहुन्छ" भनी 'शरीर र आत्मामा समर्पित हुँदै येशूलाई मृतकहरूबाट उठाउनुभएको काम परमेश्वरले हामीमा गर्नुहुनेलाई विश्वाससाथ आत्मसात गर्नु।
- हामीले केही "गर्नु" पर्दैन; केवल परमेश्वरलाई पुकार्दै उहाँले हाम्रोलागि गर्नुभएको काममा भरोसा गर्नुपर्छ।
- हाम्रो हृदयले विश्वास गरेर धर्मी ठहरिन्छ र मुखको स्वीकारले उद्धारको घोषणा गरिन्छ।
- मेरो जीवन र मृत्यु तथा व्यक्तिगत जीवनका सबै पक्षहरूमा उहाँलाई पूर्ण अधिकार छ।
- पवित्र आत्माविरूद्धको निन्दा भनेको पवित्र आत्माले गर्नुभएको कामको श्रेय शैतानलाई दिनु हो।

**रोमी ११ इजराएलको पुनर्स्थापना एक दिन**

- अधिकांश यहूदीहरूले ख्रीष्टलाई स्वीकार गर्नेछन्।
- पहिले यहूदीहरूको एक बाँकी भाग, त्यसपछि अन्यजातिहरूको पूरा संख्या,
- त्यसपछि यहूदीहरूको बहुमतको मुक्ति।

**रोमी १२:१-८ दैनिक रुपमा जिउने ख्रीष्टिय जीवन- जीवित बलिदान**

- उहाँलाई दिने आराधनाको रुपमा हाम्रो शरीर समर्पित र आफूलाई परमेश्वरमा समर्पण गर्ने।
- मारिनको लागि होइन, तर परमेश्वरतर्फ जिउने जीवित र निरन्तरताको प्रतिक्रिया
- उहाँको इच्छा पूरा गर्न उहाँको लागि अलग भएको र उहाँको सेवामा अर्पित जीवन।

**रोमी १२ मा पाइने सात प्रेरणात्मक वरदानहरु**

(क) बुझ्ने र महसुस गर्ने (ख) सेवा गर्ने (ग) सिकाउने (घ) प्रोत्साहन गर्ने
(ङ) दिने (च) शासन र अगुवाई गर्ने (छ) दया देखाउने।

**रोमी १२:९-२१ जीवित बलिदान**

- उहाँको लागि अलग भएको र उहाँको सेवामा अर्पित जीवन
- उहाँको इच्छा पूरा गर्दा उहाँ प्रसन्न हुनुहुन्छ!

**ख्रीष्टियन जस्तै भई अरूसँग जीवन बिताउने निर्देशनहरू**

**रोमी १३ ख्रीष्टियनको सरकारप्रतिको दायित्व**

- परमेश्वरले मानिसहरूलाई समाजमा सँगै बसेको चाहनुहुन्छ।
- छिमेकीलाई गरेको प्रेममा नै परमेश्वरको प्रेम प्रकट हुन्छ।
- सरकारहरू र नियमहरू सृष्टिको हेरचाह गर्नको लागि परमेश्वरको अनुग्रहको अंश हुन्।

**रोमी १४ कमजोर भाइलाई मद्दत गर्ने सल्लाह**

- धार्मिक विधिहरु, खाना र पवित्र दिनहरूको बारेमा ख्रीष्टियनहरूले एकअर्कालाई न्याय गर्न बन्द गरौं।
- सबै चेलाहरूसँग शान्तिमा निर्माण गर्नेमा तत्पर र झगडाबाट बच्नमा ध्यान केन्द्रित गर्नु।
- जसले एक दिनलाई विशेष मान्छ वा मासु खाने गर्छ, उसले प्रभुलाई आदर गर्छ, किनकि उसले परमेश्वरलाई धन्यवाद दिएर मान्ने र खाने गरिन्छ।
- हामी मध्ये कोही पनि आफ्नो लागि एक्लै बाँच्दैनौं वा मर्दैनौं।
- शंकास्पद कुराहरूमा एकअर्काको न्याय नगर्नुहोस्

**रोमी १५:१-१३ अरुलाई आशीर्वाद दिनको निम्ति हामी जिउँछौं।**

- पावलले "आशा" को लागि प्रयोग गरेको ग्रीक शब्दले भविष्यमा परमेश्वरले दिनुहुने हैसियतमा भएको भरोसा व्यक्त गर्दछ।
- ख्रीष्टिय विश्वास वर्तमान विश्वासका प्रणालीहरूको परिणाम हो जुन अनुभवले प्रमाणित गर्छ, जबकि आशालाई भविष्यको अवस्थाको चाहना र निश्चयताले उत्पादन गर्छ।

**रोमी १५:१४-३३ अरुलाई आशीर्वाद दिनको निम्ति बाँच्ने जीवन नै ख्रीष्टियन जीवनमा भरपूरी**

- पावलको जीवनको लक्ष्य
- उनको सेवाको रहर र तरिका
- उनको योजना होइन परमेश्वरको योजना पूरा गर्ने समर्पण
- सेवकाईमा पावलको बोझ र अटोट

**रोमी १६ रोमका ख्रीष्टियनहरूलाई अभिवादन**

**चार खण्डहरू**

- रोमको मण्डलीमा भएका विशिष्ट मानिसहरूलाई अभिवादन,
- झूटा शिक्षकहरूको खतराको बारेमा चेतावनी,
- कोरिन्थमा उनीसँग भएका सहयोगीहरूबाट अभिवादन,
- सबै कुरा सर्वज्ञानी परमेश्वरको प्रशंसाको निम्ति।